# प्रिमियरमा रुचाइयो 'वर एण्ड वधु'



**हिमालय टाइम्स**

काठमाडौं, १२ भदौ

यही शुक्रबारदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र 'वर एण्ड वधु' को मोफसल प्रिमियर पोखरा र काठमाडौंमा गरिएको छ । मंगलबार पोखरा प्रिमियर गरिएको यो चलचित्रको बुधबार काठमाडौंमा प्रिमियर गरिएको हो । चलचित्र युनिटबाट निर्देशक मिलन चाम्स, निर्मात्री जानुका थापा, कलाकार किरण केसी, नायिका आँचल शर्मा, नायक विवेक कर्मचार्य, कलाकार कुसुम शर्मा र विजु पार्की पोखराको प्रिमियरमा सहभागी हुनुहुन्थ्यो । प्रिमियरमा चलचित्रलाई राम्रो प्रतिक्रिया मिलेको छ । प्रिमिएर मिडटाउन हलसँगको सहकार्यमा आयोजना गरिएको थियो ।

रोमान्टिक कमेडी जनराको यो चलचित्र एलआरके इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण गरिएको हो । चलचित्रका कार्यकारी निर्माता अमित रिजाल हुनुहुन्छ । चलचित्रको छायांकन नेपाल, रोमानिया, फ्रान्स, इटाली र स्पेनमा गरिएको हो । चलचित्रमा विजय लामा, किरण केसी, रविन्द्र खड्का, श्रृष्टि खड्का, हिमेश पन्त, कुसुम शर्मा, दिनेश काफ्ले, सीता न्यौपाने, अंशु महर्जन, सरिता लामिछाने, गरिमा शर्मालगायत कलाकारको अभिनय छ । प्रिमियरमा पाएको प्रक्रियाले आफूहरूमा थप उत्साह ल्याएको निर्देशक चाम्सले बताउनुभयो । ट्रेलर रिलिजपछि यो चलचित्र चर्चामा छ ।

Government of Nepal
Ministry of Health and Population
**Bharatpur Hospital**
**Bharatpur, Chitwan**

**Invitation for Bids (IFB no: BH/NCB/WORKS/09/081/082)**

**First Date of Publication: B.S. 2081/05/13 (29th August, 2024)**

1. **Bharatpur Hospital, Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding (NCB). Bidding is open to all eligible Nepalese Bidders.

| Contract No | Description of Works | Estimated Amount | Bid Security Amount (Nrs) | Bid Security Validity | Bid document Price (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| BH/NCB/WORKS /09/081/082 | CONSTRUCTION OF BLOCK TRUSS WORK WITH CATH LAB AND OFFICE. | 16021902.26 (excl. of VAT) | 5,00,000.00 | 90/120 days | 3,000 | Single Stage-Bidding Procedures |

2. Complete Set of Bidding Documents with detailed information may be downloaded from the PPMO's E-Portal – **www.bolpatra.gov.np/egp** (eGP)
3. **Information to deposit the cost of bidding document in Bank:**
   - **a. Name of Bank**: Rastriya Banijya Bank, Bharatpur, Chitwan
   - **b. Name of Office**: Bharatpur Hospital, Chitwan
   - **c. Account no:** 370003102
   - **d. Office Revenue Account No**: 370003102
   - **e. Revenue Head No**: 14229.
4. Electronic Bid must be submitted on or before 27-09-2024 12:00.The Bids will be electronically opened at 29-09-2024 13:00

# 'पूजा, सर' को टिजर सार्वजनिक

**हिमालय टाइम्स**

काठमाडौं, १२ भदौ



चलचित्र 'पूजा, सर' (राजागंज)को टिजर सार्वजनिक गरिएको छ । सार्वजनिक टिजरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गर्न प्रहरीले चलाएको 'सर्च अपरेसन'लाई देखाइएको छ । चलचित्रले मधेसको कथा उठाएको छ । दीपक रौनियारको निर्देशन रहेको यो चलचित्रमा अभिनेता दयाहाङ राईले प्रहरी उपरीक्षक (एसपी)को भूमिका निभाउनुभएको छ । अभिनेत्री आशा मगराती इन्सपेक्टरको भूमिकामा प्रस्तुत हुनुहुन्छ । अभिनेत्री ऋचा शर्माले मधेसी समुदायकी विवाहित महिलाको भूमिका निर्वाह गर्नुभएको छ भने अर्की अभिनेत्री निकिता चाण्डक प्रहरीको भूमिकामा टिजरमा देखिनुभएको छ ।

विजय बराल, गौमाया गुरुङ, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, पशुपति राई र नीरज श्रेष्ठको पनि अभिनय रहेको यो चलचित्रको प्रदर्शनभन्दा अगावै चार देशका लागि राइट्स बिक्री भइसकेको छ । फ्रान्स, स्वीट्जरल्याण्ड, जर्मनी र अष्ट्रियाका लागि चलचित्र बिक्री भएको निर्देशक रौनियारले जानकारी दिनुभयो ।

आदि फिल्मसको तर्फबाट दीपक रौनियार र आशा मगराती, बाँसुरी फिल्मस् को तर्फबाट रामबाबु गुरुङ र मनिराम पोखरेल एवं तन्हाउसर गेटको तर्फबाट एलन आर मिलिगन (नर्वे)ले चलचित्रको निर्माणमा सहकार्य गर्नुभएको छ । नर्वेजियन सिनेमा इन्स्टिच्युटको सोर्फोन्डबाट आर्थिक सहयोगसमेत यो चलचित्रले प्राप्त गरेको छ ।

# 'शाम्बाला'को ट्रेलरमा बहुपतिप्रथाको कथा

**हिमालय टाइम्स**

ललितपुर, १२ भदौ

चलचित्र 'शाम्बाला'को ट्रेलर सार्वजनिक गरिएको छ । ललितपुरमा आयोजित कार्यक्रमबीच चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरमा मुख्य अभिनेत्री थिन्ले ल्हामो वरिपरि घुमेको छ । जहाँ थिम्ले पेमाको चरित्र निर्वाह गर्नुभएको छ । पेमाले तीन दाजुभाइसँग बिहे गरेको र उहाँले भोग्नुपरेको जीवनलाई ट्रेलरमा समेटिएको छ ।



मीनबहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला'मा थिन्लेसहित सोनम तोप्देन मुख्य भूमिकामा हुनुहुन्छ । चलचित्र नेपाली पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा प्रस्तुत गर्छ । चलचित्रको कथा भामसहित अविनाश विक्रम शाहीले लेख्नुभएको हो ।

यही भदौ २८ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको यो चलचित्र विभिन्न अन्तर्राष्ट्रिय फेष्टिभलमा पुगेपछि पहिलोपटक नेपालका सिनेमाघरमा आउन लागेको हो । यो चलचित्र यसअघि विश्वप्रसिद्ध चलचित्र महोत्सवहरूमा पुगिसकेको छ । बर्लिन फिल्म फेष्टिभलमा वर्ल्ड प्रिमियर भएको चलचित्र स्विट्जरल्याण्डको लोकार्नोमा स्क्रिनिङ भएको थियो । जहाँ अभिनेत्री थिन्हेले उत्कृष्ट अभिनयका लागि बोक्कलिनो डिओर अवार्ड चुम्नुभएको थियो ।

'शाम्बाला' बर्लिन फिल्म फेष्टिभलको अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको विधामा छनोट भएको थियो । उक्त फेस्टिभलको विधामा छनोट हुने यो पहिलो नेपाली फिचर फिल्म हो । एड्भेन्चर र म्याजिक रियालिजम् जनराको यस चलचित्रलाई एप्पल इन्टरटेनमेन्टले नेपालभरि प्रदर्शन गर्न लागेको हो । चलचित्रले नेपालको चलचित्र विकास बोर्डसहित विश्वभरका १७ अन्तर्राष्ट्रिय संस्थाबाट फण्ड जितेको छ ।

# 'रावायण'को 'तिम्रै लागि' मा रोमान्टिक पल र पूजा



**हिमालय टाइम्स**

काठमाडौं, १२ भदौ

चलचित्र 'रावायण'को गीत 'तिम्रै लागि' सार्वजनिक गरिएको छ । सार्वजनिक चलचित्रको दोस्रो गीतमा अभिनेता पल शाह र अभिनेत्री पूजा शर्मा रोमान्टिक भावमा चित्रित हुनुहुन्छ । भारतीय गायक कुणाल गाञ्जावाला र गायिका सोनु कक्कडको स्वर रहेको गीतमा कृष्णहरि बरालको शब्द रचना तथा नीरज सिंहको संगीत छ । गीतको भिडियोलाई रामजी लामिछाने कोरियोग्राफी गर्नुभएको हो ।

सुदर्शन थापाको निर्देशनमा तयार भएको चलचित्रमा पल र पूजासहित प्रियंका कार्की, प्रमोद अग्रहरि, प्रकाश शाह, प्रदीप ढकाल, अर्जुनजंग शाही, कैलाश रावल, शर्मिला मल्ललगायतको अभिनय छ । चलचित्रमा सौरभ लामाको छायांकन, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तवको पटकथा तथा श्री श्रेष्ठको द्वन्द्व निर्देशन छ । 'रावायण' तीजको दिन पारेर यही भदौ २१ गतेदेखि सिनेमाघरमा आउँदै छ ।

**स्थानीय सरकार**
**हेलम्बु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेलम्बु, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) र दफा ६२ क. र यस गाउँ कार्यपालिकाको मिति २०८१/०५/०६ को निर्णय, हेलम्बु गाउँपालिका सिमा क्षेत्र भित्र स्विकृत IEE प्रतिवेदनले र बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८१ को दफा ९(१) , ९(५) र सो संग सम्बन्धित अनुसूची-५ बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी हेलम्बु गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८१/०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (एकतिस) (औं) दिनको १२:०० बजे भित्र E–bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| क्र.स. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०८१/८२ को लागि निर्धारण गरिएको उत्खन्न/बिक्री परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | HRM/R/ 2081/082-01 | यस हेलम्बु गाउँपालिका भएर बग्ने मेलम्ची नदीमा हेलम्बु गाउँपालिका सिमा क्षेत्र भित्र स्विकृत IEE प्रतिवेदनले निर्धारण गरेको गणेशे बगर, भुमेश्वरी र चिलाउनेघारी क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ७,०६,२८० (सात लाख छ हजार दुई सय असी) | ४९,४३,९६०।- (अक्षरुपी उनन्चास लाख त्रिचालीस हजार नौ सय साठी रुपैयाँ मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम जम्मा गरेको सक्कल भौचौर (मू.अ.कर सहित) | ३,०००/- |
| २ | HRM/R/ 2081/082-02 | यस हेलम्बु गाउँपालिका भएर बग्ने मेलम्ची नदीमा हेलम्बु गाउँपालिका सिमा क्षेत्र भित्र स्विकृत IEE प्रतिवेदनले निर्धारण गरेको तिम्बु, किउल, ग्याल्थुम ढुंग्रे बगर क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ५,२०,८८१.५ (पांच लाख बिस हजार आठ सय एकासी पोइन्ट पांच मात्र ) | ३६,४६,१७०.५।- (अक्षरुपी छतीस लाख त्रछयालीस हजार एक सय सत्तरी रुपैयाँ र पचास पैसा मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम जम्मा गरेको सक्कल भौचौर (मू.अ.कर सहित) | ३,०००/- |

**थप जानकारी**

★ धरौटी खाता नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. हेलम्बु स्थित बैंक खाता नं. १७००१४००००००४८
★ आन्तरिक राजस्व खाता नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. हेलम्बु स्थित आन्तरिक राजस्व खाता नं. १७००१४००००००७९
★ ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु हेलम्बु गाउँपालिकाको वेवसाइट www.helamburm.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नु हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# गाजाको सुरुङबाट बन्धकको उद्धार

**एजेन्सी**

गाजा, १२ भदौ

हमासको आक्रमणको क्रममा पक्राउ परेका एक बन्धकलाई गाजास्थित एक सुरुङबाट उद्धार गरिएको इजरायली सेनाले जनाएको छ । एक अमेरिकी अधिकारीका अनुसार गाजा युद्धविराम र बन्धक मुक्तिको सम्झौता सुरक्षित गर्ने उद्देश्यले कतारमा वार्ता जारी रहेको छ तर इजरायल र हमास कसैले पनि सहभागिताको निरन्तरता पुष्टि गरेका छैनन् । इजरायली सेनाले ५२ वर्षीय काइद फरहान अल्कादीलाई दक्षिणी गाजाको एउटा सुरङबाट एक्लै रहेको अवस्थामा फेला पारी उद्धार गरेको जनाएको छ । गत अक्टोबरमा दक्षिणी इजरायलमा भएको आक्रमणको क्रममा अपहरणमा परेका २५१ जनामध्ये उनी एकजना हुन् । बन्धकमध्ये १०४ जना अझै पनि गाजामा बन्दी छन् भने ३४ जनाको मृत्यु भइसकेको सेनाले जनाएको छ ।



युद्धका कारण गाजा ध्वस्त भएको छ, यहाँका लगभग २४ लाख मानिसहरूमा मानवीय संकट छाएको छ । हमासद्वारा सञ्चालित नागरिक सुरक्षा एजेन्सीले गाजाशहर र मध्य र दक्षिणी गाजाका दुई शरणार्थी शिविरहरूमा छुट्टै इजरायली आक्रमणमा कम्तीमा १५ जनाको मृत्यु भएको जनाएको छ । अल्कादीलाई इजरायलको सोरोका मेडिकलमा लगि उपचार गराउँदा अस्पताल निर्देशक श्लोमी कोदेशले उहाँको अवस्था सामान्य रहेको जानकारी दिनुभएको छ । यद्यपि, लामो समयसम्म सुरुङमा रहेका व्यक्तिहरू स्वास्थ्य समस्याको जोखिममा हुनसक्ने आंकलनसहित अल्काडीलाई 'निरन्तर मूल्यांकन'का लागि राखिएको कोदेशले बताउनुभयो ।

सेनाका अनुसार उहाँ दक्षिणी इजरायलका बेदुइन अरब शहर राहतका बासिन्दा अल्कादी अक्टोबरमा आतंकारीले आक्रमण गरेको क्षेत्रको गोदाममा गार्डको रूपमा काम गरिरहनु भएको थियो ।

इजरायली अभियान समूह, होस्टेज एण्ड मिसिङ फेमिलीज फोरमले उहाँको रिहाइको स्वागत गरेको छ भने अन्य बन्दीको फिर्ता सुनिश्चित गर्न 'वार्ताको सम्झौता एक मात्र तरिका भन्ने कुरामा जोड दिएको छ ।

बन्धकहरूको उद्धार असहज भएको अवस्थामा सेनाले स्थल कारबाही अभियान सुरु गरेदेखि इजरायली सेनाद्वारा जीवित मुक्त गरिएका अल्कादी आठौं व्यक्ति हुनुहुन्छ । नोभेम्बरमा एक हप्ता लामो युद्धविरामको क्रममा इजरायलमा प्यालेस्टिनी कैदीहरूको बदलामा स्कोरहरू जारी गरिएको थियो जुन अहिलेसम्मको युद्धको एकमात्र उदाहरण हो ।

अल्काडीसँग कुरा गरेपछि नेतान्याहुको कार्यालयले जारी गरेको भिडियोमा, कट्टर नेताले बन्दीहरूको रिहाइ सुरक्षित गर्न सैन्य उपस्थिति र हमासमाथि निरन्तर सैन्य दबाब आवश्यक रहेको बताउनुभयो ।

वार्ताको मुख्य बिन्दु हमासलाई पुन:शस्त्रीकरण गर्नबाट रोकी गाजा-इजिप्ट सीमा पट्टीको नियन्त्रण राख्न इजरायलको अडान रहेको छ, जसलाई हमासले अस्वीकार गरेको छ । इजिप्टसँग सम्बन्धित अल-काहेरा न्यूजले कतार र अमेरिकासँग वार्ताको मध्यस्थता गरिरहेको इजिप्टले सीमामा तथाकथित फिलाडेल्फी कोरिडोरमा इजरायली उपस्थिति स्वीकार नगर्ने जनाएको छ । यसैबीच, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले मध्यस्थता प्रयासमा 'प्रगति' भएको रिपोर्ट गर्दै आगामी दिनमा थप वार्ता हुने अपेक्षा गरिएको बताउनुभयो । रासस/एएफपी ।